# लिखु तामाकोशी गाउँपालिका
## Likhu Tamakoshi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

धोबी बजार, रामेछाप (Dhobi Bazaar, Ramechhap)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

प.सं. (Ref. No.):- ०८३/०८४

च.नं. (Dispatch No.):- सूचना नं: 06

मिति (Date):-

**सडक मर्मत कार्यका लागि आवश्यक उपकरणको दररेट उपलब्ध गराउने सम्बन्धी सूचना !!**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१०**

मनसुनजन्य विपद्का कारण हुन सक्ने सम्भावित क्षति कम गरी विपद् व्यवस्थापन (सडक संचालन तथा बस्ती संरक्षण) को कार्य गर्न तपसिलका शर्तहरुको अधीनमा रही तपसिलको स्पेसिफिकेशन अनुसारको देहायको उपकरणहरु भाडामा (सम्पूर्ण व्यवस्थापन सहित) आवश्यक परेको हुँदा इच्छुक निर्माण व्यवसायीले व्यवसाय दर्ताको प्रमाणपत्र, आ.ब. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्र, प्यान/भ्याट दर्ता, उपकरणहरुको बिलबुक र सवारी चालकको सवारी चालक अनुमतिपत्र लगायतका आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दररेट उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१. सम्झौता पश्चात निर्माण व्यवसायीले कबोल गरेको न्यूनतम दररेटको आधारमा गाउँपालिकाले उपलब्ध गराएको फारममा सम्बन्धित वडा प्राविधिक (साइट इन्जिनियर) ले प्रमाणित गरेको घण्टाको आधारमा बिल उपलब्ध गराइनेछ ।

२. प्रत्येक पटक गर्ने कार्यको यस कार्यालयको कार्यआदेश बमोजिम गर्नुपर्नेछ ।

३. इच्छुक निर्माण व्यवसायीले तीन थान Backhoe Excavator (Wheeled) र एक थान Tractor तयारी अवस्थामा राख्नुपर्नेछ ।

४. आफ्नै कम्पनीको उपकरण नभएमा अन्य व्यवसायी वा फर्मबाट उपकरण भाडामा लिई सेवा दिने भएमा निवेदन साथ भाडामा लिन/दिन भएको सम्झौता पत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । यदि एउटै फर्म वा कम्पनीबाट भाडामा लिएको उपकरण एउटै फर्म वा कम्पनीबाट भाडामा लिएको उपकरण एकभन्दा बढी निर्माण व्यवसायीले पेश गरेमा दुबै प्रस्ताव अस्वीकृत हुनेछ ।

५. उपकरणका लागि आवश्यक पर्ने इन्धन, मर्मत संभारको खर्च, चालकको पारिश्रमिक तथा खाने बस्ने सबै व्यवस्था निर्माण व्यवसायी स्वयंले नै गर्नुपर्नेछ । यसका लागि गाउँपालिका समक्ष कुनै दावी गरिनेछैन ।

६. चालक र मेशिनको सुरक्षाको जिम्मेवारी निर्माण व्यवसायीको हुनेछ र विपद् व्यवस्थापन / सडक मर्मत कार्य गर्दा कुनै दुर्घटना भई केही मानवीय तथा भौतिक क्षति भएमा सो को सम्पूर्ण जिम्मेवार स्वयं निर्माण व्यवसायीको हुनेछ ।

प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

७. सबैभन्दा कम दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु. १,५०,००० (अक्षरुपी एक लाख पचास हजार रुपैयाँ मात्र) सम्झौता अवधिको कार्यसम्पादन जमानत राखेपछि मात्र सम्झौता गरिनेछ । निर्माण व्यवसायीले सम्झौता अवधिमा तोकिएको समयमा उपकरण उपलब्ध गराउन नसकेमा वा सन्तोषजनक काम गर्न नसकेमा निजसँग गरिएको यो सम्झौता रद्द गरी कार्यसम्पादन जमानत बापत राखेको रकमबाट विपद् व्यवस्थापन / सडक मर्मत कार्य गरिनेछ ।

८. सूचना प्रकाशित भएको मितिले ७ औं दिन ( २०८३/०५/१७ गते बेलुका ५:०० बजेसम्म) कार्यालय समयभित्र निर्माण व्यवसायी / फर्म /कम्पनीले व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.ब. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि, भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि, रु. १०००।(अक्षरुपी एक हजार रुपैयाँ मात्र) दस्तुर तिरेको नगद रसिद सहित निवेदन पेश गरे पश्चात यस कार्यालयबाट दरभाउ पत्र फारम प्राप्त गर्न सकिनेछ । साथै यस कार्यालयको नाममा Nepal Investment Mega Bank मा रहेको राजश्व खाता नं.०७००१४००२५००१६ कार्यालय कोड नं. ८०३२४५०५३००, गाउँपालिका आन्तरिक खातामा रु. १०००।(अक्षरुपी एक हजार रुपैयाँ मात्र) बराबरको रकम दाखिला गरी कार्यालयबाट दरभाउ पत्र फारम प्राप्त गर्न सकिने छ ।

९. सूचना प्रकाशन भएको मितिले ८ औं दिन (मिति २०८३/०४/१८ गते) दिउँसो १२:०० बजे ७ औं दिनसम्म दर्ता हुन आएका प्रस्तावहरु प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर प्रस्ताव खोल्ने समयमा प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा प्रस्ताव खोल्न कुनै बाधा हुनेछैन ।

१०. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त पेश भएको प्रस्तावहरुलाई मान्यता दिइनेछैन ।

११. प्रस्ताव पेश गर्ने निर्माण व्यवसायीहरुले सबै आइटमको छुट्टाछुट्टै दररेट पेश गर्नुपर्नेछ । यसरी पेश गरेको दररेटका आधारमा प्रति आइटम सबैभन्दा कम दररेट पेश गर्ने निर्माण व्यवसायीको दररेट स्वीकृत गरिनेछ । यसरी दररेट स्वीकृत गर्दा Backhoe Excavator (Wheeled) को न्यूनतम दररेटलाई मुख्य आधार लिइनेछ र निर्माण व्यवसायीले दररेट पेश गर्दा कार्यालयबाट उपलब्ध गराईएको अधिकतम मुल्य प्रति घण्टा (भ्याट सहित) भन्दा बढीको दररेट पेश गर्न मिल्दैन ।

प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत


Email: likhutamakoshi@gmail.com, ito.likhuramechhapmun@gmail.com , Website: likhutamakoshimun.gov.np

१२. खामबन्दी दररेट साथ फर्म दर्ताको प्रमाणपत्र, सञ्चालकको नागरिकताको प्रमाणपत्र, स्थायी लेखा दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र र मेशिन सम्बन्धी सम्पूर्ण कागजात अनिवार्य पेश गर्नुपर्नेछ ।

१३. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम हुनेछ र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

| क्र.स. | सामानको विवरण | परिमाण | अधिकतम मुल्य प्रति घण्टा (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| 1. | Wheeled Backhoe Excavator (90 HP or above) | Hr. | 3675.46 | |
| 2. | Tractor upto 85 HP | Hr. | 1538.08 | |

प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत